# धुनिवेशी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

खानीखोला, धादिङ
३ नं. प्रदेश, नेपाल

## आर्थिक वर्ष ०७५/७६ को आन्तरीक आयको ठेक्का बन्दोबस्ती सम्बन्धी बोलपत्र आव्हान

**प्रथम पटक प्रकाशित मिति : २०७५/३/१७ गते**

स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ घ (१), घ (२) र घ (६) को व्यवस्था, धुनिवेशी नगरपालिकाको आन्तरीक आय संलकन (ठेक्का बन्दोबस्ती) सम्वन्धी कार्यविधि २०७५, राजश्व परामर्श समितिको सिफारीस र धुनिवेशी नगर कार्यपालिकाको निर्णय अनुसार देहायका शीर्षकमा राजश्व उठाउने काम ठेक्का बन्दोबस्ती गरी संलकन गर्न यो सूचना प्रकाशित गरिएको छ । उक्त कार्य गर्न इच्छुक फर्महरुले फर्म दर्ता एवं नवीकरण प्रमाणपत्र, कर दर्ता तथा कर चुक्ता प्रमाणपत्रका प्रतिलिपीहरु कारवाही वा कालोसूचीमा नपरेको स्वघोषणा, अख्तियारनामा (Letter of Attorney) सहित निम्न शर्तहरुको अधिनमा रही तपशील अनुसार तोकिएको मिति, स्थान र समयमा छुट्टाछुट्टै बोलपत्र खरिद गरी दाखिला गर्न यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | ठे.नं | ठेक्काको विवरण | आ.ब.०७५/७६ को लागि न्यूनतम ठेक्का रकम (भ्याट बाहेक) रु. | बोलपत्र फाराम दस्तुर रु. | धरौटी रकम |
|---|---|---|---|---|---|
| १ | १-०७५/७६ | धुनिवेशी नगरक्षेत्रमा दर्ता भएका खानीहरुवाट निकासी हुने ढुङ्गा गिट्टी, वालुवा, बेस, र चिप्सको निकासी शुल्क (प्रति क्यू फिट भ्याट बाहेकको दर रु.५) | २,०२,५०,०००।- | ५,०००।- | कबोल अंकको ५ प्रतिशत |
| **निम्न प्याकेज अनुसार स्थानीय पूर्वाधार (सडक) उपयोग शुल्क** (निजी तथा भाडाका बस ट्रक, ट्रिपर दर १००/-, मिनी बस तथा मिनिट्रक, आईचर दर ७५/- निसान लगायत मालवाहक साना रु.५० तथा भाडाका ट्याक्सी, जीप, माईक्रो बस दर २५/- का दरले) | | | | | |
| २ | २-०७५/७६ | **स्थानीय पूर्वाधार (सडक) प्याकेज १ :** **प्याकेज १ का सडकहरु :** टायलघर जीवनपुर सडक, खानीखोला लप्से काफलचौर, चिसापानी मसिने सडक, हेल्थपोष्ट चिसापानी सेतीदेवीस्थान तोप्लाङ, नौविसे दोभान सडक, नौविसे कालिदेवीस्थान, पिप्लामोड कुखेरेचौर महेशफाँट, सुगमग्यास कोइरालाटार महेशफाँट सडक, चिसापानीधारा पिप्लामोड कुखुरेचौर महेशफाँट सडक, चिसापानी सडक, छापगाउँ बाह्रविसे कोल्पुखोला सडक | ३३,००,०००।- | रु.३०००।- | कबोल अंकको ५ प्रतिशत |
| ३ | ३-०७५/७६ | **स्थानीय पूर्वाधार (सडक) प्याकेज २ :** **प्याकेज २ का सडकहरु :** धार्के सीतापाईला सडकको आसपासका सडकहरु एवं चालिसे बानियाटार, सयले, मितेरीटोल नौविसेफाँट आसपासका सडकहरु | १७,००,०००।- | रु.३०००।- | |
| ४ | ४-०७५/७६ | **स्थानीय पूर्वाधार (सडक) प्याकेज ३ :** **प्याकेज ३ का सडकहरु :** ठूलोखोला लामिडाडाको आसपासका सडकहरु, कोल्पु रमाईलोचौर छत्रेपाटी, मजुवा चिलाउनेगाउँ भन्ज्याङपोखरी, कोल्पुखोला स्टोरमोड, भन्ज्याङपोखरी डुम्रेचौर महेशफाँट, भन्ज्याङपोखरी दमदमे ओडारे सडक, भन्ज्याङपोखरी ढाँडे वडारेचौर ठूलीबेसी जीवनपुर, जीवनपुर कोल्पु सडक, ढुङ्गाखानी लामागाउँ सडक | २०,००,०००।- | रु.३०००।- | |

**शर्तहरु**

१. वोलपत्र फाराम खरिद गर्ने अवधि यो सूचना प्रकाशन भएको ३० (तीस दिन) भित्र अर्थात २०७५ श्रावण १४ गतेको कार्यालय समयभित्र रहेको छ भने बोलपत्र पेश गर्ने अवधि बोलपत्र खरिद गर्ने अन्तिम मितिको भोलीपल्ट दिनको १२:०० बजे भित्र रहनेछ । प्राप्त बोलपत्र पेश गर्ने अन्तिम दिनको दिउसो १३:०० बजे धुनिवेशी नगर कार्यापालिकाको कार्यालयमा खोलिनेछ । बोलपत्र फारामहरु खरिद, दर्ता र खोल्ने दिन सार्वजनिक विदा परेमा क्रमश सोको भोलीपल्ट सोही समय भित्र खरिद, दर्ता र खोल्ने कार्य गरिनेछ ।

२. बोलपत्र फारम साथ धरौटी वापत कवोल अंकको ५ (पाँच) प्रतिशतले हुने रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य वैंक धादिङवेंशी शाखामा रहेको धरौटी खाता नं. १०३०३०३००७११२ मा रकम जम्मा गरेको सक्कल भौचर वा सूचनामा जारी भएको मितिले कम्तिमा १२० दिन म्याद भएको यस कार्यालयको नाममा जारी गरिएको नेपाल राष्ट बैंकबाट मान्यता प्राप्त क वर्गको वाणिज्य बैंकको वोलपत्र जमानत (विड वण्ड) पेश गर्नु पर्नेछ

३. बोलपत्रदाताले खामको बाहिरपट्टी ठेक्काको नाम, ठेकेदारको नाम, ठेगाना, सम्पर्क नं. र धुनिवेशी नगरपालिका भनि प्रष्ट बुझ्ने गरी लेख्नु पर्ने छ । वोलपत्र फारममा अंक र अक्षरमा केरमेट नगरी स्पष्टसँग लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

४. बोलपत्र दिंदा कुनै प्रकारको सर्त मान्य हुनेछैन । साथै यस कार्यालयको छाप र कार्यालयको तर्फबाट प्रमाणित नभएको बोलपत्र फारमलाई मान्यता दिइने छैन ।

५. खानीको हकमा नियमसंगत दर्ता भएको खानी तथा क्रसर मात्र सञ्चालन हुने भएकोले ती उद्योगहरुबाट उत्पादित निर्माण सामाग्रीमा मात्र कर लिन पाईने छ ।

६. ठेक्का अवधि २०७६ असार मसान्त सम्म रहनेछ ।

७. ठेक्का अबधिको प्रचलित कानून अनुसार बुझाउनु पर्ने आयकर लगायतका अन्य करहरु ठेकेदार स्वंयले व्यहोर्नु पर्नेछ ।

८. कारोवार गर्दा बालश्रमको प्रयोग गर्ने र वातावरणमा प्रतिकूल असर पर्ने प्रविधि अपनाउन पाईने छैन ।

९. बोलपत्र स्वीकृत गर्ने आशयको सुचना प्राप्त गरी निर्धारित समयमा कार्यालयमा सम्झौता गरी सक्नु पर्नेछ । तोकिएको समयभित्र सम्झौता गर्न नआएमा बोलपत्र दाताले राखेको धरौटी जफत गरी कालो सूचीमा राखिनेछ ।

१०. ठेकेदारले उठाउने कर यस कार्यालयद्धारा तोकेको संकलन केन्द्रमानै उठाउनु पर्नेछ । राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढाट राखी कर उठाउन पाईने छैन ।

११. म्याद नाघी वा रीत नपुगी प्राप्त भएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

१२. ठेकेदारले बन्द हडतालको कारण देखाई छुट तथा मिन्हा दावी गरेमा कार्यालयले छुट र मिन्हा दिने छैन ।

१३. नेपाल सरकार, प्रदेश सरकार र यस कार्यालयले समय समयमा दिएको निर्देशनको पालना गर्नु ठेकेदारको कर्तव्य हुनेछ ।

१४. कुनै कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । विषेश अवस्थामा सुचनामा उल्लेखित सर्त र समय हेरफेर गर्न सकिनेछ ।

१५. सवारी साधन तर्फको शुल्क उठाउँदा एम्बुलेन्स, शव वाहन, दमकल, सरकारी तथा कुटनीति नियोगका सवारीमा शुल्क उठाउन पाईने छैन ।

१६. यस सूचनामा उल्लेख भएको कुरा यसै अनुसार र नभएको कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

१७. सूचना सम्वन्धी विस्तृत विवरण यस कार्यालयको सूचना पाटी तथा कार्यालयको वेवसाईड www.dhunibeshimun.gov.np मा समेत हेर्न सकिने छ । यस सम्बन्धमा अन्य कुरा बुझ्नु परेमा यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ ।

**धुनिवेशी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**धादिङ, फोन : ०१०-४०११९७**